# निर्वाचन आयोग

## लिलाम बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

*(प्रकाशित मिति : २०७७।८।७)*

निर्वाचन आयोगमा रहेका तपसिलमा उल्लिखित पुराना जिन्सी मालसामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन गरिएको छ । इच्छुक फर्म, कम्पनी वा व्यक्तिबाट निम्न शर्तको अधीनमा रही सिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

| सि.नं. | सामानको विवरण | न्यूनतम मूल्य | बोलपत्र दस्तुर |
|---|---|---|---|
| १. | फर्निचर (टेबुल, कुर्सी, दराज आदि) र इलेक्ट्रोनिक्स तथा इलेक्ट्रिक्स सामानहरु (ल्यापटप, कम्प्यूटर, प्रिन्टर, फोटोकपी मेशीन, मेशीनरी औजार आदि) | रु. १,०९,७५५।- | रु. १०००।- |

१. इच्छुक बोलपत्रदाताले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनसम्म कार्यालय समयभित्र तोकिए बमोजिमको दस्तुर बुझाई अद्यावधिक फर्म/कम्पनी दर्ता प्रमाणपत्र, करदर्ता प्रमाणपत्र, आ.व. २०७६/०७७ सम्मको करचुक्त प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिको हकमा निवेदन र नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश गरी यस कार्यालयको स्टोर शाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिने छ ।

२. खरिद गरिएका बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले २२ औं दिनको १२ बजेभित्र यस कार्यालयको स्टोर शाखामा दर्ता गर्नुपर्ने छ । यसरी म्यादभित्र दाखिला भएका बोलपत्रहरु सोही दिनको २ बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. बोलपत्र खरिद एवं दाखिला गर्ने अन्तिम दिन वा खोल्ने दिन विदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन उक्त कार्य हुनेछ ।

४. बोलपत्रसाथ बोलपत्रदाताले आफूले कबोल गरेको रकमको १० प्रतिशत रकम को.ले.नि.का. काठमाडौं भुक्तानी केन्द्र नं. ३ लैनचौरको राष्ट्रिय बाणिज्य बैंक लि. को धरौटी खाता नं. ११००२०३००००००० मा दाखिला गरेको सक्कल भौचर पेश गर्नुपर्ने छ ।

५. रित नपुगेको वा म्याद नाघी आएको तथा न्यूनतम मूल्य भन्दा घटी अंकित भएको वा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

६. बोलपत्र स्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्न वा सूचना नै रद्द गर्ने अधिकार यस आयोगमा निहित रहनेछ ।

७. बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको जानकारी पाएको मितिले ७ (सात) दिनभित्र बोलपत्रमा कबोल गरेको अंक रकम को.ले.नि.का.काठमाडौं भुक्तानी केन्द्र नं. ३ लैनचौरको राष्ट्रिय बाणिज्य बैंक लि.को धरौटी खाता नं. ११००२०३००००००० मा दाखिला गरेको सक्कल भौचर पेश गरी लिलाममा परेका सम्पूर्ण सामानहरु उठाई लैजानु पर्नेछ ।

८. बोलपत्रदाताले आफूले कबोल गरेको रकममा १३ प्रतिशतले हुने मु.अ.कर वापतको रकम समेत दाखिला गर्नुपर्नेछ ।

९. लिलाम बिक्री हुने मालसामानहरु भौतिक रुपमा हेर्न चाहेमा कार्यालय समयमा दिउँसो १.०० बजेदेखि साँझ ३.०० बजेसम्म यस आयोगको स्टोर शाखामा सम्पर्क गरी हेर्न सकिने छ ।